# मानव बेचबिखन तथा ओसारपसार अपराधका पीडित तथा साक्षीहरूको संरक्षण तथा गोपनियताका सम्बन्धमा गर्नुपर्ने पहलहरू

**DISCLAIMER:**

Forum for Women, Law and Development (FWLD) acknowledges the technical and financial support provided by the United States Agency for International Development's Combating Trafficking in Persons program, implemented by The Asia Foundation, in the publication of this document.

# मानव बेचबिखन तथा ओसारपसार अपराधका पीडित तथा साक्षीहरूको संरक्षण तथा गोपनियताका सम्बन्धमा गर्नुपर्ने पहलहरू

## १. नेपालमा मानव बेचबिंखन र ओसार पसारको अवस्था

मानव बेचबिखन तथा ओसारपसार विश्वव्यापी रूपमा एकदमै छिटो फैलिरहेको अपराध हो । यो संगठित रूपमा अपराधिक समुह वा सञ्जालको माध्यमबाट अन्तरदेशीय रूपमा फैलिरहेको छ । संसारका सबै देश कुनै न कुनै रूपमा मानव बेचबिखन तथा ओसारपसार र मानव तस्करीबाट प्रभावित छन् । विश्वव्यापी रूपमा हुने मानव बेचविखन तथा ओसारपसारमा महिला तथा बालबालिकाहरूको संख्या अत्यधिक रहेको छ । मानव बेचबिखन र ओसारपसार एउटा अपराध मात्र नभएर मानव अधिकारको उल्लंघन पनि हो ।

मानव बेचबिखनमा परेका व्यक्तिहरु स्वयं पीडित व्यक्तिहरु हुन् भने अर्कोतिर उनिहरूको संरक्षणको उचित व्यवस्था, संरक्षणको लागि संरचना, कार्यक्रम र अनुगमनको अभावको कारण उनिहरु दाहोरो पिडामा पर्ने सम्भावना पनि उत्तिकै रहेको छ । मानव बेचबिखनका पीडित भन्नाले बेचिएको व्यक्ति, ओसार पसार गरिएको व्यक्ति तथा वेश्यावृत्तिमा लगाइएका व्यक्तिहरु र त्यसबाट प्रभावित व्यक्तिहरु समेत पर्दछन् । पीडित तथा साक्षी संरक्षणसम्बन्धी कानुन तथा कार्यक्रमको अभावमा मानव बेचबिखनका पीडित व्यक्तिहरूको सुरक्षा, गोपनियता, उनिहरूको अधिकार र न्यायको विषय ओझेलमा पर्दै आएको छ ।

### मानव बेचबिखनमा परेका पीडितको अधिकार

- कानुनी प्रतिनिधित्वको अधिकार,
- दोभाषे वा अनुवादक राख्ने अधिकार,
- क्षतिपूर्तिको अधिकार,
- पीडितको मृत्यु भएमा नावालक र आश्रितको संरक्षणको अधिकार,
- गोपनियताको अधिकार (पीडितको स्वीकृति विना निजको कुनै पनि विवरण प्रचार प्रसार गर्न नहुने र मुद्दाको कार्वाही र सुनुवाई बन्द इजलासमा हुने अधिकारहरु)
- सुरक्षाको अधिकार (प्रतिशोधात्मक कार्य हुनसक्ने अवस्थामा सुरक्षा, अड्डा अदालत आउँदा जाँदा प्रहरी सुरक्षा लगायत अन्य सबै प्रकारका सुरक्षाहरु र आत्मरक्षाको अधिकार)

पीडित व्यक्ति न्याय सम्पादनको मुख्य पक्ष, साक्षी र सहयोगी व्यक्ति पनि भएको हुनाले उनिहरूको संरक्षणका उपायहरु विना उचित न्याय सम्पादन सफल हुन सक्दैन ।

## २. मानव बेचबिखन तथा ओसारपसारका पीडितको संरक्षणको आवश्यकता

कुनै पनि घटनाको पहिलो प्रत्यक्ष अनुभवी व्यक्ति पीडित स्वयं नै हुने गर्दछ । कतिपय घटनाका पीडित व्यक्तिहरु नै स्वयं त्यस घटनाका साक्षी पनि हुन्छन् । गम्भिर प्रकृतिका अपराधमा पीडितलाई स्वयं साक्षीको रूपमा राखेको हुन्छ । साक्षीहरूले न्यायालयलाई सहयोग पुऱ्याउँदा पीडक वा विपक्षीहरूबाट डर, धाक, धम्की आउन सक्दछ जसको कारण उनीहरु जोखिममा रहेका हुन्छन् । अपराधीले जहिले पनि आफू उम्कन विभिन्न हत्कण्डा अपनाउन सक्दछ । त्यसैले उनिहरूको संरक्षण गर्न र न्याय सम्पादनमा सहयोग पुऱ्याएकोमा उनीहरूलाई सुविधा दिन अत्यन्तै आवश्यक हुन्छ । यसका लागि साक्षीको संरक्षण तथा सहायता सम्बन्धमा छुट्टै कानुनको निर्माण हुनु आवश्यक छ । साक्षी संरक्षणको आवश्यकतालाई औंल्याउँदै नेपालको सर्वोच्च अदालतले पनि साक्षी संरक्षणको सन्दर्भमा छुट्टै कानुनको आवश्यकता रहेको औंल्याएको छ ।[१]

न्याय सम्पादनमा मुख्य साक्षीको रूपमा प्रस्तुत हुने पीडितलाई सुरक्षा लगायतका संरक्षणका कार्यक्रममा सहभागी गराउनु पर्ने हुन्छ । यिनीहरूलाई शारीरिक अर्थात् भौतिक सुरक्षा प्रदान गर्ने मात्र होइन की पुनः पीडित हुनबाट समेत संरक्षण प्रदान गर्नुपर्दछ । त्यस्ता घटनाका पीडित/साक्षीसँग कानूनी वा अपराधिक कारवाहीको सिलसिलामा महत्वपूर्ण भूमिका खेल्न सक्ने सुचना वा जानकारी भएको हुनाले उनिहरूको संरक्षण महत्वपूर्ण हुन्छ । मानव बेचबिखनको अपराध संगठित अपराध पनि भएको हुँदा यस्ता अपराधहरूमा पीडितहरु माथि अनेक प्रकारका दवाब, हिंसा, पिडा र घटनाहरु हुन सक्ने संभावनाहरु हुन सक्छन् । तसर्थ यस्ता अपराधहरूमा पीडितहरूको सुरक्षाको विषय झनै महत्वपूर्ण हुन्छ ।

## ३. पीडित तथा साक्षी संरक्षणको उद्देश्य

अहिलेको विश्वमा संगठित अपराधको सीमा छैन । बहुराष्ट्रिय संगठित अपराध (Transnational Organized Crime) हरूमा बृद्धि हुँदै गएको छ । अपराधिक संगठनहरूमा पनि बृद्धि हुनुको साथै त्यस्ता संगठनहरु बढी नै सशक्त हुँदै गएका छन् । तिनीहरु योजनाबद्ध अपराध गर्न र एक आपसमा सहयोग गर्न उद्धत छन् । त्यस्ता अपराधको अनुसन्धान तहकिकातमा साक्षी प्रमाणको महत्वपूर्ण स्थान हुन्छ । तर सबै मानिस साक्षीको रूपमा प्रस्तुत हुन तयार हुँदैनन् किनकि त्यस्ता अपराधिक

१. संवत् २०६४ सालका रिट न. ००४३, महिला, कानुन र विकास मञ्चका लागि अधिवक्ता मीरा ढुङ्गाना वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का कार्यालय समेत, आदेश भएका मितिः २०६६।८।१८

गिरोहहरूको विरूद्ध प्रमाण लाग्ने कुरा व्यक्त गर्दा उसको र परिवारका सदस्यको जीउ ज्यान, सम्पत्ति तथा स्वतन्त्रतामा आघात पुग्न सक्छ र प्रमाणको अभावमा वास्तविक अपराधीले उन्मुक्ति पाउने स्थिति रहन्छ । त्यसैले पीडित र साक्षी संरक्षणको माध्यामबाट कानुन कार्यान्वयन तथा अनुसन्धान तहकिकात गर्ने अधिकारी समक्ष आफ्नो कुरा निर्धक्कसँग राख्न सक्ने वातावरण हुनु पर्दछ । न्याय सम्पादनमा सहयोगी भए बापत कुनै किसिमको हानी, नोक्सानी, पीडा वा धरपकड हुँदैन भन्ने कुरामा पीडित र त्यस घटनाका साक्षी हुने व्यक्तिहरूलाई सुनिश्चितता प्रदान गरिएको हुनुपर्छ । पीडित/साक्षीलाई प्रदान गरिने आर्थिक सहयोग, खान, बस्न र यातायात बापत लाग्ने खर्च प्रदान गर्नाले एकातर्फ अनुसन्धान प्रक्रियालाई सहयोग पुऱ्याउँछ भने अर्कोतर्फ अतिरिक्त आर्थिक भार कम गरेर साक्षीको तनाव पनि कम गराउँछ ।

पीडित संरक्षणको उद्देश्य न्याय प्रशासनको प्रभावकारितामा अभिवृद्धि गर्नु हो । पीडितको बैयक्तिक स्वतन्त्रता, मानव प्रतिष्ठा लगायतका हक अधिकारको सम्मान, रक्षा र संरक्षण गर्नु, पीडितलाई सम्भावित शारीरिक, मानसिक सुरक्षाको खतराबाट जोगाउनु, पीडितलाई न्याय दिलाउन अर्थात न्यायको प्रत्याभूति दिलाउनु, कसूर प्रमाणित गर्न आवश्यक प्रमाण लोप हुन वा विपरीत (Hostile) हुन नदिई संरक्षण गर्नु, पीडित साक्षी बनेका कारण पुनः पीडित हुने अवस्थाबाट संरक्षण गर्नु यसको अतिरिक्त उद्देश्यहरु हुन् ।

## पीडित तथा साक्षी संरक्षणको आवश्यकता

- पीडितलाई घर परिवार र समाजमा पुनर्स्थापीत हुने सहज वातावरण तयार गर्न ।
- पीडित तथा साक्षीमाथि हुनसक्ने सम्भावित हिंसा, खतरा, दवाव र असुरक्षाबाट बचाउन ।
- पीडितलाई पुनः पीडित हुनबाट बचाउन ।
- पीडितलाई सामाजिक घृणा, वहिष्कार र लाञ्छनाबाट जोगाउन ।
- पीडित तथा साक्षिको गोपनीयताको हकको संरक्षण गर्न ।
- पीडित तथा साक्षिको मानवीय मर्यादाको सम्मान र संरक्षण गर्न ।
- पीडितमाथी भएको अन्याय विरूद्धको उपचार माग्ने हकको सुनिश्चितता गर्न ।
- न्याय सम्पादनका चरणहरूमा थप व्यवाहारिक अयोग्यता वा असुविधाहरु आउन नदिन ।
- पीडित तथा साक्षीको सुविधा, क्षतिपूर्ति, आर्थिक सहयोग जस्ता कार्यक्रमहरूको व्यवस्था गर्न ।

## ४. नेपालमा पीडित तथा साक्षी संरक्षणसम्बन्धी कानुनी व्यवस्थाहरु

- नेपालको अन्तरिम संविधान २०६३ को धारा २४(२) को न्याय सम्बन्धि हक र धारा २८ को गोपनियताको हक
- प्रमाण ऐन, २०३१
- मुलुकी ऐनमा अदालती बन्दोबस्तको महलका
- बालबालिका सम्बन्धी ऐन, २०४८
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४
- सरकारी मुद्दा सम्वन्धी ऐन, २०४९
- सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५
- सर्बोच्च अदालत नियमावली, २०४९
- पुनरावेदन अदालत नियमावली, २०४८
- जिल्ला अदालत नियमावली, २०५२
- बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१

नेपालमा पीडित संरक्षण सम्बन्धी खासै कानुनी व्यवस्थाहरु रहेको पाईंदैन । नेपालको कानुनी व्यवस्थाले व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार, चरित्रसम्बन्धी कुराहरूको गोपनीयता कानूनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रमणीय हुने व्यवस्था गरेको छ । साक्षीले अदालतमा सोधिएको कुनै प्रश्नको जवाफ दिएमा सो जवाफले आफुलाई सजायको भागी बनाउन सक्छ भन्ने आधारमा जवाफ दिन इन्कार गर्न नपाउने र त्यस्तो जवाफको आधारमा निजलाई पक्राउ गर्न वा निज उपर कुनै फौजदारी कारवाही चलाउन नहुने, मनासिव कारण भएमा अस्पष्ट भएको कुराहरूमा ततिम्वा गराउनु बाहेक अन्य अवस्थामा साक्षीलाई पुनः बुझ्न नहुने जस्ता केही विषेशाधिकारहरूको व्यवस्था गरेको छ तर पीडित र साक्षीहरूको सुरक्षा र सुविधाका विषयमा स्पष्ट उल्लेख गरेको छैन ।

मानव बेचबिखन तथा ओसारपसार ऐन अन्तर्गतको कसूरसम्बन्धी मुद्दाको कारवाही तथा सुनुवाइ बन्द इजलासमा गरिने र यसरी बन्द इजलासमा कारवाही तथा सुनुवाई हुँदा मुद्दाका पक्ष, विपक्ष, निजहरूका कानून व्यवसायी र अदालतले अनुमति दिएका व्यक्तिमात्र त्यस्तो इजलासमा प्रवेश गर्न सक्ने व्यवस्था छ । यसको साथै उजुर गर्ने व्यक्तिले आफूले अदालतमा बयान वा साक्षीका रूपमा गरेको बकपत्रका आधारमा कुनै प्रतिशोधात्मक कारवाहीमा पर्न सक्ने मनासिब कारण देखाई नजिकको प्रहरी कार्यालयमा सुरक्षाको माग गरेको खण्डमा उक्त व्यक्तिलाई सुरक्षा प्रदान गर्ने व्यवस्था पनि ऐनले गरेको छ । यस ऐनको दफा १६ ले आत्मरक्षाको अधिकार प्रदान गरेको छ । यस ऐनले पीडितको पुर्नस्थापन गर्न सरकारद्वारा नै पुर्नस्थापना केन्द्र स्थापना गरी संचालन गर्ने, प्रमाणको भार

अभियुक्तमा हुने, पीडित अदालतमा उपस्थित नभए पनि बयानलाई अदालतले प्रमाणको रूपमा लिन सक्ने, पीडितले दोभाषे राख्न पाउने जस्ता अधिकारहरु प्रदान गरिएको छ । त्यसैगरी सरकार वादी मुद्दाका साक्षीहरूलाई अदालतमा उपस्थिति हुन आउँदा आवश्यक खर्च उपलब्ध गराउनु पर्ने व्यवस्था छ । सरकारी पक्षका साक्षीलाई अदालतमा आउँदा जाँदा नेपाल सरकारका राजपत्र अनंकित प्रथम श्रेणीका कर्मचारीले पाए सरह दैनिक भ्रमण भत्ता दिनु पर्ने कानूनी व्यवस्था छ । तर उक्त ऐन लागू भएको यत्तिका वर्ष वितिसक्दा पनि उक्त ऐनमा व्यवस्था गरिएको सुविधाको कार्यान्वयन भएको छैन र साक्षी उपस्थिति हुँदा कानून बमोजिमको खर्च उपलब्ध गराइएको पाइँदैन ।

## ५. पीडित संरक्षणका सम्वन्धमा सर्वोच्च अदालतबाट भएको प्रयास

पीडित संरक्षणका लागि उपयुक्त कानुन र विधि निर्माण गर्न सर्वोच्च अदालतले नेपाल सरकारलाई निर्देशनात्मक आदेश दिएको छ भने महिला, कानुन र विकास मञ्चका लागि सपना प्रधान मल्ल वि. नेपाल सरकार[२] को मुद्दामा बिशेष प्रकारका सम्वेदनशिल मुद्दाहरूमा गोपनियता कायम गर्न निर्देशिका समेत जारी गरेको छ । महिला, कानुन र विकास मञ्चका लागि मीरा ढुङ्गाना वि. नेपाल सरकारको मुद्दामा पीडित साक्षीको संरक्षण र सहायता सम्बन्धी छुट्टै कानून निर्माण गर्न सरकारका नाममा परमादेश जारी गर्न तथा पीडित साक्षीको संरक्षण गर्न प्रत्येक प्रहरी कार्यालयमा साक्षी संरक्षण अधिकृत तोक्न, साक्षीको छुट्टै प्रतिक्षालयको व्यवस्था गर्न, छुट्टै साक्षी संरक्षण कार्ययोजना (Witness Protection Program) निर्माण गर्न, प्रत्येक मुद्दामा साक्षीहरु बकपत्रका लागि उपस्थिति हुना साथ बकपत्रको कार्य प्रारम्भ गर्न र तत्कालै कानून निर्माण हुन सक्ने अवस्था नदेखिएकोले कानून निर्माण नभएसम्मका लागि अदालतबाटै कानून सरहको निर्देशिका निर्माण गरि कार्यान्वयन गर्ने गराउने व्यवस्था गर्न सरकारका नाममा आदेश जारी गरेको छ । सर्वोच्च अदालतले यसै आदेशमा कार्यदल गठन गरी साक्षी संरक्षणसम्बन्धी कार्ययोजना तयार गर्न, प्रहरी प्रधान कार्यालयमा साक्षी संरक्षण तथा सहायता शाखा राख्न, प्रत्येक जिल्लामा जिल्ला प्रहरी कार्यालयका प्रमुखको संयोजकत्वमा साक्षी संरक्षण तथा सहायता समिति गठन गर्न र साक्षी संरक्षण अधिकृत तोक्न का साथै साक्षी संरक्षण सम्बन्धमा अन्य आवश्यक व्यवस्था गर्न समेत निार्देशनात्मक आदेश जारि गरेको छ ।

## ६. पीडित तथा साक्षी संरक्षणका चरणहरु

### *(क) उद्धारका क्रममा पीडितको संरक्षण*

उद्धारका क्रममा नै पीडितको संरक्षण आवश्यक हुन्छ । पीडितलाई पुनः पीडित हुनबाट जोगाउन, पीडितमाथि हुनसक्ने सम्भावित घटनाहरूबाट बचाउन पनि पीडितलाई उद्धारकै क्रमबाट संरक्षण

२. संवत् २०६३ सालका रिट न. ३५६१, महिला, कानुन र विकास मञ्च तथा आफ्ना तर्फवाट समेत अधिवक्ता सपना प्रधान मल्ल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदका कार्यालय समेत, (नेकाप २०६४, निर्णय न.७८८०, पृष्ठ १२०८), आदेश भएका मितिः २०६४।९।१०

गर्नुपर्ने हुन्छ । यसो गर्न सकेमा मात्र प्रमाणहरूलाई जोगाउन सक्ने, पीडितलाई हतोत्साह हुनबाट बचाउने र पीडितको संरक्षणलाई व्यवस्थित गर्न सकिने हुन्छ ।

***(ख) अनुसन्धान एवं अभियोजनका क्रममा पीडित एवं साक्षीको संरक्षण***

धेरैजसो अवस्थामा प्रहरीलाई सहयोग गरे बापत पीडित तथा साक्षीलाई डर, धम्की, धरपकड, हतोत्साह, आक्रमण, सम्पत्तिको हानी नोक्सानी एवं बदला लिने धम्कीको सामना गर्नु पर्ने हुन्छ । त्यसैले यस्तो क्रियाकलापबाट साक्षीलाई सुरक्षा प्रदान गर्न र अपराधीलाई निरूत्साहित गर्न अनुसन्धान एवं अभियोजनका क्रममा पीडितको संरक्षणको व्यवस्था गर्नु पर्ने हुन्छ । अपराधीहरूबाट अपराधका प्रमाणहरु नष्ट गर्न सक्ने, पीडित वा साक्षिमाथि आक्रमण हुन सक्ने अवस्थाले गर्दा पनि पीडित र साक्षीको संरक्षण आवश्यक हुन्छ ।

***(ग) भौतिक सबुत परिक्षणका क्रममा पीडित तथा साक्षीको संरक्षण***

भौतिक प्रमाणहरु न्याय सम्पादनका महत्वपूर्ण आधारहरु हुन् । अपराधीले प्रमाणहरु नष्ट गर्न सक्ने सम्भावना प्रवल हुने हुँदा यस वखत पनि पीडितको संरक्षणमा ख्याल गर्नुपर्ने हुन्छ । प्रमाणहरु संकलन गर्न, यसको परिक्षणबाट सबुत जुटाउन दोषीले अवरोध सृजना गर्न सक्ने र पीडित तथा साक्षीमाथि आक्रमण हुन सक्ने हुँदा यस क्रममा पनि पीडित तथा साक्षीको संरक्षणको आवश्यकता हुन जान्छ ।

***(घ) अदालती कारवाही (सुनुवाई) को क्रममा पीडित तथा साक्षीको संरक्षण***

अदालतमा बयान गर्न आउँदा जाँदा वा अन्य अदालती कारवाहीको क्रममा पनि पीडितको संरक्षण आवश्यक हुन्छ । यस क्रममा अपराधीले पीडित तथा साक्षी र उनिहरूका परिवारका सदस्यहरूप्रति भौतिक आक्रमण गर्न सक्ने, धाक धम्की दिन सक्ने र अन्य घटनाहरु घटाउन सक्ने हुँदा यस क्रममा पनि साक्षी वा पीडितको संरक्षण आवश्यक हुन्छ ।

***(ङ) फैसला कार्यान्वयन र सो पश्चात् पीडित तथा साक्षीको संरक्षण***

फैसला कार्यान्वयन र सो पश्चात् पनि पीडित वा साक्षीहरूमाथि बदला लिने, दुःख दिने वा उनिहरूका परिवारका सदस्यहरूलाई समेत दुःख दिन सक्ने हुँदा फैसला पश्चात् पनि साक्षी वा पीडित संरक्षणको आवश्यकता पर्दछ ।

## ७. पीडित तथा साक्षीको संरक्षणका लागि चाल्नुपर्ने कदमहरु

मानव बेचबिखनका पीडित तथा साक्षीहरूको संरक्षणको कार्यक्रमले उनिहरूको उद्धार, स्वदेश फिर्ती, पुनःस्थापना, पुनःएकिकरण, गोपनियताको संरक्षण र उचित क्षतिपूर्तिको क्षेत्रमा कार्य गर्नुपर्दछ । यी कार्यहरूलाई व्यवस्थित गर्न सरकारले पीडित तथा साक्षीहरूको संरक्षण सम्बन्धी छुट्टै कानुन निर्माण गर्नेदेखि संरचनाहरूको स्थापना गर्नेसम्मका कार्यहरु पर्दछन् ।

*(क) पीडित तथा साक्षिको संरक्षणका लागि छुट्टै कानुन निर्माण गर्नुपर्ने*

पीडित तथा साक्षीको संरक्षणका लागि नेपालमा छुट्टै कानुन नभएका कारण अन्तर्राष्ट्रिय मापदण्ड तथा मानवाधिकारवादी दृष्टिकोणलाई समेत समेटेर यस सम्बन्धी कानुन निर्माण गर्नुपर्ने टड्कारो आवश्यकता रहेको छ । नेपालको सर्वोच्च अदालतले समेत यससम्बन्धी छुट्टै कानुन निर्माण गर्न सरकारको नाममा आदेश दिएको छ । यस्तो कानुनले पीडित तथा साक्षीको संरक्षण र सुविधा समेतलाई ध्यान दिईएको हुनुपर्दछ ।

*(ख) गोपनियता कायम गर्नुपर्ने*

पीडित तथा साक्षीको गोपनियताको संरक्षणका लागि निर्देशिका समेत जारी भईसके तापनि गोपनियता कायम राख्ने प्रक्रियाहरूमा विविधता रहेको छ । कसैले गोपनियता कायम गर्न काल्पनिक नामको प्रयोग गरेको पाइन्छ भने कतै संख्या वा चिन्हको प्रयोग गरेको पाइन्छ । तसर्थ गोपनीयता कायम गर्ने प्रक्रियामा एक रूपता हुनु जरूरी छ । यसको लागि विवरण गोप्य राखिएको व्यक्तिलाई संकेत प्रदान गर्नु पर्दछ ।

*(ग) बन्द इजलासमा सुनुवाइ गर्नुपर्ने*

संवेदनशिल मुद्दाहरूको सुनुवाइ बन्द इजलासबाट हुनु पीडित वा साक्षी संरक्षणको लागि महत्वपूर्ण हुन्छ । नेपालको कानुनले बालबालिका, जबरजस्ती करणी, नाता कायम, सम्बन्ध विच्छेदसम्बन्धी मुद्दा वा खुला इजलासबाट सुनुवाई गर्नु मनासिब नभएको भनी अदालतले बन्द इजलासबाट हेर्ने भनी आदेश गरेका अन्य मुद्दाको सुनुवाइ बन्द इजलासमा हुने व्यवस्था गरेको छ । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण), ऐन २०६४ ले समेत यस मुद्दाको कार्वाही बन्द इजलासमा हुनु पर्ने व्यवस्था गरेता पनि यसको प्रभावकारी कार्यान्वयन भने हुन सकेको छैन । बन्द इजलासको नाममा बोर्डहरु मात्र राखिने तर इजलासमा अन्य व्यक्तिहरूको उपस्थितिले पीडित वा साक्षीलाई विपक्षीबाट धम्की, डर हुने वा विपक्षीको रोहवरमा साक्षीलाई डरको सिर्जना हुने भएकोले यस्तो प्रभावलाई न्यूनिकरण गर्नका लगि बन्द इजलासमा सुनुवाइको प्रभावकारी कार्यान्वयन गर्नु पर्दछ ।

*(घ) पीडितलाई उचित क्षतिपूर्तिको व्यवस्था गर्नु पर्ने*

पीडितलाई उचित क्षतिपूर्तिको व्यवस्था भएको अवस्थामा मात्र उनिहरूको संरक्षणको कार्यक्रम सफल हुन सक्दछ । यसको लागि पीडकहरूबाट उचित क्षतिपूर्ति भराउने र सरकारले समेत क्षतिपूर्ति दिलाउने व्यवस्था गर्नुपर्दछ । मुद्दाको अन्तिम निर्णय हुनका लागि धेरै वर्ष लाग्ने हुनाले सरकारले अन्तरिम क्षतिपूर्तिको अवधारणा ल्याउनु जरूरी छ । सरकारले पीडकबाट जरिवाना असुल नहुन्जेलका लागि पीडितलाई अन्तरिम क्षतिपूर्ति उपलब्ध गराई सो क्षतिपूर्तिको रकम जरिवानाबाट असुल उपर गर्नु पर्दछ ।

*(ङ) पीडित तथा साक्षी संरक्षण तथा सहायता शाखाको स्थापना गर्नुपर्ने*

नेपालको सर्वोच्च अदालतले[३] समेत नेपाल प्रहरी अर्न्तगत पीडित तथा साक्षी संरक्षण तथा सहायता शाखाको स्थापना गर्न सरकारलाई आदेश दिएको छ । पीडित तथा साक्षीको संरक्षण घटना तथा अनुसन्धानको क्रमबाटै आवश्यक पर्ने हुँदा उनिहरूको संरक्षणमा प्रहरीको मुख्य भूमिका हुने गर्दछ । तसर्थ पनि नेपाल प्रहरी अर्न्तगत पीडित तथा साक्षी संरक्षण तथा सहायता शाखाको स्थापना गर्नु आवश्यक छ ।

*(च) प्रत्येक जिल्लामा जिल्ला प्रहरी कार्यालयका प्रमुखको संयोजकत्वमा साक्षी संरक्षण तथा सहायता समिति गठन गर्नुपर्ने*

प्रत्येक जिल्लामा जिल्ला प्रहरी कार्यालयका प्रमुखको संयोजक्तवमा साक्षी संरक्षण तथा सहायता समिति गठन गर्न सर्वोच्च अदालतले आदेश समेत दिएको र यसले स्थानिय तहमा पीडित तथा साक्षी संरक्षणको कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न सहयोग पुऱ्याउँदछ ।

*छ) प्रहरी कार्यालयमा साक्षी संरक्षण अधिकृत तोक्नु पर्ने*

प्रत्येक प्रहरी कार्यालयमा साक्षी संरक्षण अधिकृत तोकेर साक्षी संरक्षणको कार्यलाई व्यवस्थित गर्न सकिन्छ । ऐनले नै पीडित वा साक्षीले मनासिब कारण देखाई सुरक्षाको माग गरेमा सुरक्षा प्रदान गर्ने प्रावधानको व्यवस्था गरेता पनि पीडित/साक्षीले सुरक्षाको माग गरे पश्चात् पनि सुरक्षा नपाएको हुँदा यस्ता संरक्षण अधिकृतले पीडित/साक्षीको सुरक्षाको व्यवस्थाको गर्नुका साथै गोपनियता कायम गर्न विशेष भूमिका निर्वाह गर्न सक्दछन् ।

*(ज ) पीडित तथा साक्षी संरक्षण कार्यक्रमलाई प्रभावकारी बनाउन कार्ययोजना निर्माण गर्नुपर्ने*

देशभरिनै पीडित तथा साक्षी संरक्षणको कार्यक्रमलाई प्रभावकारी बनाउन, साक्षी तथा पीडितको आवश्यकतालाई ध्यान दिई आवश्यकता अनुसारको सुविधा र सहयोग प्रदान गर्न, आवश्यक कानुनको निर्माण तथा भएका कानुनहरूमा आवश्यकताअनुसार संशोधन गर्न, कानुनद्वारा स्थापित हुने संरचनाहरूको प्रभावकारी कार्यान्यवन गर्न विशेष कार्ययोजना निर्माण गरिनु पर्दछ र यस्तो कार्ययोजना निर्माण गर्न सर्वोच्च अदालतले आदेश पनि दिएको छ ।

---

३. संवत् २०६४ सालका रिट न. ००४३, महिला, कानुन र विकास मञ्चका लागि अधिवक्ता मीरा ढुङ्गाना वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदका कार्यालय समेत, आदेश भएका मितिः २०६६।८।१८

**महिला, कानुन र विकास मञ्च (FWLD)**
७२, आदर्श मार्ग, थापाथली
पो.ब.नं. २६५३८, काठमाडौं, नेपाल
फोन: ४२३३५२४, ४२३३५२५, ४२४२६८३, ४२६६४१५
फ्याक्स: ४२४०६२७
इमेल: fwld@fwld.wlink.com.np
वेभसाइट: www.fwld.org